## दोगडाकेदार गाउँपालिका

बैतडी, सुदूपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

## दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित

**खण्डः ४ संख्याः २ सम्बत् २०७७ असार ११ गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## विनियोजन ऐन, २०७७

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम दोगडाकेदार गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न दोगडाकेदार गाउँपालिकाको गाउँसभाल यो ऐन स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

# दोगडाकेदार गाउँपालिका

# विनियोजन ऐन, २०७७

गाउँसभाबाट स्वीकृत मिति : २०७७।०३।१०
परमाणिकरण मिति : २०७७।०३।११

**प्रस्तावना:** दोगडा केदार गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम दोगडाकेदार गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भ:**(१) यस ऐनको नाम "दोगडाकेदार गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५५,४२,४४,६९०।- (अक्षेरुपी पचपन्न करोड बयालीस लाख चौवालीस हजार छ सय नब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त दोगडाकेदार गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक



दोगडाकेदार गाउँपालिका, बैतडी

अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानीखर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

आ.व. २०७७/०७८ को लगी आय व्यय बिवरणको अनुमान

| आय तर्फ | रकम रु | व्यय तर्फ | रकम रु |
|---|---|---|---|
| समाजिक सुरक्षा अनुदान अनुमान | ९००००००० | समाजिक सुरक्षा खर्च अनुमान | ९००००००० |
| आन्तरिक श्रोतको अनुमान | ९६३०००० | सशर्त तर्फ खर्च | २२६५००००० |
| चालु आ.व. मा बांकी रहने रकमको अनुमान | ० | जम्मा चलु खर्च | ७५०९३८८० |
| संघ सस्था अनुदान अनुमान | ० | संम्पुरक अनुदान योजना | ५८९५८००० |
| जनश्रदान | ० | बिशेष अनुदानको अनुमान | १५४००००० |
| | | फर्निचर खरिद | १०००००० |
| **संघीय सरकार बाट** | | सवारी साधन | ५०००००० |
| ससर्त अनुदान | २२६५००००० | पुजीगत अनुसन्धान तथा परामर्श | १५००००० |
| बित्तिय समानिकरण अनुदान | ९७३००००० | **बिकासे बजेट** | **६०००००००** |
| राजश्व बांडफांड | ७७५४६६९० | सम्पुरक कोष | **२०७९२८१०** |
| बहुक्षेत्रीय पोषण | ० | | |
| संम्पुरक अनुदानको अनुमान | १५२००००० | | |
| बिशेष अनुदानको अनुमान | १०००००००० | | |
| **प्रदेश सकार बाट** | | | |
| बित्तिय समानिकरण अनुदान | ६७४७००० | | |
| सवारी साधन कर बांडफांड | १६४२००० | | |
| संम्पुरक अनुदानको अनुमान | १४२७९००० | | |

| | | | |
|---|---|---|---|
| बिशेष अनुदानको अनुमान | ५४००००० | | |
| संघ सस्था अनुदान अनुमान | ० | | |
| | **५५४२४४६९०** | | **५५४२४४६९०** |

आज्ञाले,
नाम :- रबिन्द्र बहादुर धामी
नि. प्रमुख प्रशासकीय अधिकृत

दोगडाकेदार गाउँपालिका, बैतडी